(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नेपाली सेनाका भगुवा उपर गरिने (कारबाही) नियमावली, २०२३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२३।३।१३

**संशोधन**

१. शाही नेपाली सेनाका भगुवा उपर गरिने (कारबाही) (प्रथम संशोधन) नियमावली, २०२६ — २०२७।१।२८

२. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० — २०७०।१।३०

नेपाली सेनाका व्यक्ति भागेमा निजहरु उपर गरिने कारबाही तोक्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ र त्यस सम्बन्धमा प्राप्त अरु सबै अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छः

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “नेपाली सेनाका भगुवा उपर गरिने (कारबाही) नियमावली, २०२३” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भगुवा उपर गरिने कारबाहीः** नेपाली सेनाबाट माल-सामान लिई वा नलिई भागी जाने प्रत्येक व्यक्तिलाई पक्राउ गर्नको लागि सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख र डिपो ग्रुपले सो भागी जाने व्यक्तिको नाम, थर, वतन खोली आदेश निकाल्नु पर्छ ।

३. **भगुवाको नाम काट्ने र लगत राख्नेः** (१) नियम २ बमोजिम भागी जाने व्यक्तिको सम्बन्धमा भागी गएको ६० दिनपछि सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख र डिपो ग्रुपले सो व्यहोरा जनाई आदेश लिई लगत कटाउनु पर्छ ।

(२) उपनियम (१) बमोजिमको कारबाही सकेपछि सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्मले भागी जाने

व्यक्तिका सम्बन्धमा गरिएको सबै कागजात रेकर्डको लागि क. की. जङ्गी फाँटमा पठाउनु पर्छ । क. की. जङ्गी फाँटले पनि त्यस्तो कागजात प्राप्त भएपछि छुट्टै भगुवा लगत खडा गरी विभिन्न युनिटको क्रमैसित राख्नु पर्छ ।

(३) क. कि. जङ्गी फाँटको विभिन्न बाहिनी, फर्मेशन, डिपो, गण, गुल्मबाट प्राप्त भगुवा व्यक्ति उपर कारबाही गरिएको सबै कागजात हेरी भागी जाने व्यक्तिले ३ वर्ष भन्दा बढी सेवा गरेको भए तीन वर्ष व्यतित भएपछि त्यस्ता व्यक्तिको नाम लगतबाट काटी त्यसको सूचना कण्ट्रोलर अफ डिफेन्स एकाउण्ट स्टोर्स कार्यालयमा पठाउनु पर्छ ।

तर ३ वर्षभन्दा घटी सेवा गरेको रहेछ भने त्यस्ताको लगत आजीवन कायम राख्नु पर्छ ।

४. **भगुवाको सामान र फण्डमा जम्मा भएको रुपैयाः** *(१) भागी जाने व्यक्तिले छाडी गएका सामानहरु र रुपैयाँ कोर्ट आफ इन्क्वायरीद्वारा छानबीन गराई सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख वा डिपो ग्रूपले त्यसको लगत खडा गरी राख्नु पर्छ । निजी लत्ता, कपडा र सामान बाहेक इनिसियल इस्यू गरिएका सामानहरुमध्ये साबूत जति सम्बन्धित बाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख वा डिपो ग्रूपले आफ्नो स्रेस्तामा आम्दानी बाँधी रीइस्यू गर्ने र अरु बेकम्मा सामानहरुको हकमा नेपाली सेनाका बेकम्मा वा बेचल्तीका सामानहरु हटाउने (व्यवस्था) नियमहरु, २०२२ बमोजिम गरी त्यसको जनाउ क्लोदिङ्ग डिपोमा दिनु पर्छ ।

(२) भगुवा व्यक्ति त्यसरी भागी गएका मितिले ३ महिनासम्म हाजिर हुन नआएमा वा पक्राउ भई नआएमा

---

* पहिलो संशोधनद्वारा संशोधित ।

उपनियम (१) मा उल्लिखित निजी लुगा कपडा र अरु सामानहरु उपनियम (३) बमोजिमको बोर्डले लिलाम बिक्री गरी सो लिलाम भई आएको र फण्डमा जम्मा भएको रुपैयाँ समेतको हिसाब चढाई रिकर्ड राखु पर्छ ।

(३) उपनियम (२) बमोजिमको सामानहरु लिलाम बिक्री गर्न सम्बन्धित अधिकृत सहित ३ जवान भएको बोर्ड गठन हुनेछ । सो बोर्डले सम्बन्धित युनिट भित्र लिलाम गर्नेछ।

५. <u>**सरकारी माल–सामानहरुको सोध भर्ना गर्ने तथा झिक्ने:**</u> (१) भागी जाने व्यक्तिले एक्स्ट्रा इस्यूको लुगा कपडा समेत लिई गएको रहेछ भने पुगेसम्म लिलाम भई आएको तथा फण्डमा जम्मा भएको रुपैयाँबाट कटाई र नपुग भएमा तलब भए तलब समेतबाट मोल कट्टा गरी सो व्यहोरा जनाई नेपाल राष्ट्र बैङ्कमा दाखिल गर्नु पर्दछ, त्यसरी जम्मा भएको रुपैयाँको भौचर सो व्यक्तिको फाइलमा संलग्न गरी राखुपर्छ ।

(२) उपनियम (१) बमोजिम मोल कट्टा गर्दा पनि नपुग भएमा सो सबै व्यहोरा देहायका पदाधिकारीहरु समक्ष पेश गर्नु पर्छ । निजहरुलाई मिन्हा दिने अधिकार पनि हुनेछ ।

(क) ▲<u>जङ्गी अड्डा</u> को भए प्रबन्धरथी, र

(ख) बाहिनी, फर्मेशन, डिपो, गण, गुल्महरुको भए सम्बन्धित बाहिनी पति ।

---

▲ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

<u>टिप्पणी:</u>१.केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा "अफिस" को सट्टा "कार्यालय" र सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रुपान्तर गरिएको छ ।

(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" राखी रुपान्तर गरिएको ।

३. सैनिक ऐन, २०६३ द्वारा "शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" राखी रुपान्तर गरिएको ।